## विधान संशोधन सम्बन्धी प्रस्ताव

नेपाली कांग्रेसको संरचनागत सुधार गर्न, सदस्यता, नेतृत्व चयन प्रक्रिया र पार्टीका सांगठनिक गतिविधिलाई व्यवस्थित गर्न पार्टीको विधान परिमार्जन गर्न आवश्यक भएकोले यो विशेष केन्द्रीय महाधिवेशन देहायका विषयहरूमा परिमार्जन र संशोधन गरी विधानको अङ्ग बनाउने निर्णय गर्दछ।

१. **एकै प्रकारको सदस्यताः** नेपाली कांग्रेसम साधारण सदस्य र क्रियाशील सदस्यको ठाउँमा खुल्ला सदस्यतामा आधारित एकै प्रकारको क्रियाशील सदस्यता प्रणाली रहेनछ। पार्टीको सदस्यता लिन इच्छुक व्यक्तिले सम्बन्धित वडा समितिमा वा **अनलाइन** मार्फत समेत आवेदन दिने व्यवस्था गरिनेछ। वडा सभापतिको संयोजकत्वमा ३ सदस्यीय **समिति**ले सदस्यताको सिफारिसको निर्णय गर्नेछ। वडाको निर्णयमा चित्त नबुझेमा उजुरी दिनेगरी क्षेत्रीय तहको सदस्यता **पुनरावेदन समिति** रहनेछ।

२. **विशेष प्रवेश (ल्याट्रल इन्ट्री)ः** बौद्धिक र व्यावसायिक क्षेत्रमा रहेर लामो समय योगदान दिनुभएका व्यक्तित्वलाई पार्टीको विभिन्न संरचनामा आबद्ध गर्न र विभिन्न तहका निर्वाचनमा पार्टीका तर्फबाट कम्तिमा १० प्रतिशत उमेद्वार बनाउने गरी छड्के प्रवेश 'ल्याट्रल इन्ट्री' को उपयुक्त प्रक्रिया सम्बन्धी नयाँ व्यवस्था गरिनेछ।

३. **क्रियाशील सदस्यबाट नेतृत्व चयनः** वडादेखि जिल्ला तहसम्म जुन तहको लागि नेतृत्व छनोट गर्ने हो सोही तहका क्रियाशील सदस्यहरूको प्रत्यक्ष निर्वाचनबाट सो तहको नेतृत्व र अधिवेशन प्रतिनिधि चयन गरिनेछ। अधिवेशन प्रतिनिधि बन्नको लागी सदस्यता लिएको न्युनतम २ वर्ष हुनुपर्नेछ। प्रदेश र केन्द्रीय कार्यसमितिको निर्वाचन क्रियाशील सदस्यबाट निर्वाचित भएका अधिवेशन प्रतिनिधिबाट हुनेछ।

४. **तल्लो तहबाट निर्वाचित हुनुपर्नेः** केन्द्रीय सभापतिदेखि हरेक तहमा विभिन्न जिम्मेवारीमा रहेका सबै अनिवार्य रूपमा तल्लो तह(वडा)बाट अधिवेशन प्रतिनिधि निर्वाचित भएर आउनुपर्ने छ।

५. **समावेशी प्रतिनिधित्वः** निर्वाचन र मनोनयन गर्दा समावेशी समानुपातिक सिद्धान्तको मर्मलाई पूर्ण रूपमा आत्मसात गर्नेगरी प्रत्येक तहका कार्यसमितिमा एक तिहाइ अनिवार्य महिला पदाधिकारी, एक दलित समुदाय, एक युवा अनिवार्य रहनेगरी हरेक तहमा समुदायको क्लस्टर अनुसार मधेसी, दलित, मुस्लिम, आदिवासी, जनजाती, थारू श्रमिक, पेशागत क्षेत्र र अपाङ्गता भएका व्यक्ति लगायतको समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ। पार्टीका तहगत समिति व्यवहारिक र कार्यमूलक बनाउन सबै तहका समितिको आकारलाई सानो, छरितो र प्रभावकारी बनाउने र समितिभित्रै संविधानको मर्म अनुरुप समावेशी समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ । अपाङ्गता भएका व्यक्तिको प्रत्येक प्रतिनिधिसभा क्षेत्रबाट १ जना महाधिवेशन प्रतिनिधि अनिवार्य रहनेछ।

६. **उम्मेदवार छनोट(प्राइमारीबाट)ः** नेपाली कांग्रेसको उम्मेदवार छनोट सम्बन्धित तह र क्षेत्रका क्रियाशील सदस्यको प्रत्यक्ष मतदान (प्राइमरी इलेक्सन) बाट बढी मत प्राप्त एक महिलासहित तीन जना छनोट गरी तीनजना मध्ये एक जना चयन गर्ने व्यबस्था गरिनेछ।

७. **कार्यकालः** पार्टीमा प्रवेशको मापदण्ड र नीति भएजस्तै पार्टीको तर्फबाट स्थानीय, प्रदेश र संघीय तहमा राज्यको कुनै जिम्मेवारी वा शासकीय पदको अवधि तोकिनेछ। एउटै ब्यक्ति पटक पटक एउटै शासकीय जिम्मेवारीमा जाने परम्पराको अन्त्य गर्न पार्टीका तर्फबाट सार्वजनिक जिम्मेवारीमा प्रतिनिधित्व गर्ने विषयमा सिमित व्यक्तिले पटक-पटक अवसर पाउने अवस्थालाई रोक्नको लागी **समानुपातिक निर्वाचन**

**प्रणाली**बाट सांसद हुने अवसर एक व्यक्तिका लागि **एक पटक मात्र** (One-time Proportional Representation) हुने गरी व्यवस्था गरिनेछ। साथै एक, दुइ, तीन, चार को नीति अनुसार एकपटक राष्ट्रपति, दुइपटक प्रधानमन्त्री, तीनपटक मन्त्री र प्रत्यक्ष निर्वाचन प्रणालीबाट चार पटक सांसदको सिमा तोकिनेछ।

८. **भ्रातृ संघः** सांगठनिक कुरामा पूर्ण स्वायत्त ढङ्गले काम गर्ने र भ्रातृ संघलाई वर्गीय मुद्दामा केन्द्रित गर्ने व्यवस्था गरिनेछ। नियमित अधिवेशन सुनिश्चित गर्न पार्टीको केन्द्रीय निर्वाचन आयोगले महाधिवेशन गराउने व्यबस्था गरिनेछ।

भ्रातृ संघ र सुभेच्छुक संस्थाबाट पार्टी महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरूमध्येबाट उम्मेदवार हुनेगरी एक महिला सहित तिन जना केन्द्रीय सदस्यको व्यबस्था गरिनेछ।

९. **सुभेच्छुक संस्थाः** प्रचलित कानूनले पार्टी सदस्यता लिन निषेध गरेका पेसासँग सम्बद्ध शुभेच्छुक संस्थासँग पार्टीको अहिलेको संस्थागत आबद्धता बदलेर पार्टीले विधागत/पेसागत/विशेषज्ञ सम्बन्धमा राख्ने तर सम्बन्धित पेसामा संलग्न व्यक्तिहरूलाई पार्टीको सदस्यता प्रदान नगर्ने । निजले संस्थामा गरेको कार्य अवधिलाई क्रियाशीलता मापनको आधार बनाउने व्यबस्था गरिनेछ।

पेशागत, विधागत क्षेत्रबाट ५ प्रतिशत प्रतिशत सवै तहमा प्रतिनिधित्वको सुनिश्चित गरिनेछ।

१०. **जनसम्पर्क समितिः** प्रत्येक जनसम्पर्क समितिको सदस्य सङ्ख्याको अनुपातमा निश्चित सङ्ख्यामा प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ। विदेशमा रहेका नेपालीहरू बीचको समन्वय र प्रभावकारिता बढाउन 'नेपाली जनसम्पर्क समिति' को एक अन्तर्राष्ट्रिय परिषद बनाइनेछ। प्रत्येक देशका जनसम्पर्क समितिका वर्तमान र पूर्व अध्यक्षहरू सदस्य रहनेछन्। परिषद्ले पूर्व अध्यक्षहरू मध्येबाट २७ सदस्यीय अन्तर्राष्ट्रिय जनसम्पर्क समिति गठन गरिनेछ। अन्तराष्ट्रिय परिषदको समितिमा अध्यक्ष -१, उपाध्यक्ष -(१ महिला सहित प्रत्येक महादेशबाट १/१ खुला), महामन्त्री -३(१ महिला, २ खुला), सहमहामन्त्री (१ महिला सहित प्रत्येक महादेशबाट १/१ खुला) कोषाध्यक्ष- अध्यक्षबाट मनोनीत हुनेगरीनेछ। कुल संख्या २७ मा नबढ्ने गरी अध्यक्षले थप सहमहामन्त्री चयन गर्न सक्ने व्यवस्था गरीनेछ।

पार्टीको महाधिवेशनमा हरेक देशबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरुले एक महादेश एक केन्द्रीय सदस्यको अवधारणा बमोजिम आआफ्नो महादेशबाट १ केन्द्रीय सदस्य चयन गर्नेछन् । मध्यपुर्व र भारतलाई बिशेष व्यवस्था अन्तर्गत एक एक अलग केन्द्रीय सदस्यको व्यबस्था गरिनेछ।

**११. आयोगहरू :** केन्द्रीय निर्वाचन समितिलाई नेपाली कांग्रेस आन्तरिक निर्वाचन आयोगमा रुपान्तरण गरी निर्वाचन आयोगलाई थप स्वायत्ता र स्थायी प्रकृतिको संरचनाको रुपमा विकास गरिनेछ। लेखा समिति, अनुशासन समितिको सट्टा स्वायत्त र अधिकार सम्पन्न लेखा आयोग, अनुशासन आयोग, पुनरावेदन तथा न्यायीक आयोग बनाइनेछ।

१२. प्रदेश कार्य समितिको काम, कर्तव्य, अधिकार र भूमिकालाई थप स्पष्टता गरिनेछ।प्रदेश कार्यसमितिमा उम्मेदवार हुन पाउने स्पष्ट व्यवस्था गरिनेछ।

१३. **युवा प्रतिनिधित्वः** पार्टीमा युवाको समावेशी र समन्यायिक प्रतिनिधित्वको सुनिश्चितताको लागि पार्टीका विभिन्न तहका समिति र निकायमा निम्नानुसारको व्यवस्था गरिनेछ।

- **पार्टीका प्रत्येक कार्यसमितिमा** ४० वर्ष मुनिको प्रतिनिधित्व अन्तर्गत ३० वर्ष मुनिका १० % र ३० वर्ष पुरा भई ४० वर्ष ननाघेका १०% गरी कूल २० % को प्रतिनिधित्व रहनेगरी व्यवस्था गरिनेछ।
- उमेर र कलष्टर समुहका आधारमा हुने प्रतिनिधित्वलाई एक व्यक्तिको लागि एक पटक मात्र हुने गरी व्यवस्था गरिनेछ।
- **अधिवेशन प्रतिनिधिमा** केन्द्र र प्रदेश अधिवेशनका लागि प्रत्येक निर्वाचन क्षेत्रबाट न्यूनतम २ महिला र ३० वर्ष मुनिको न्यूनतम १ जना पर्नेगरी न्युनतम ४ जना प्रतिनिधि चयन गरिनेछ।
- **महासमिति सदस्यमा** हालको व्यवस्थामा थप युवा प्रतिनिधि २ जना (महिला र पुरुष एक एक) र पेशागत क्षेत्रबाट १ जना प्रतिनिधि रहनेगरी व्यवस्था गरीनेछ।

१४. **पूर्व आप्रवासी नेपालीको प्रतिनिधित्वः** पार्टीका विभिन्न संरचनामा पूर्व आप्रवासी नेपालीको प्रतिनिधित्व सुनिश्चित गर्नको लागी विदेशमा १० वर्ष भन्दा बढी बसोबास गरी महाधिवेशन भन्दा २ वर्ष अघि देश फर्किएकाहरूको हकमा वडादेखि केन्द्रसम्म प्रत्येक तहमा न्यूनतम १ महिला सहित २ जनाको सहभागिता गराइनेछ। प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधि मध्येबाट न्यूनतम १ महिला सहित २ जना प्रदेश कार्यसमितिमा निर्वाचित हुनेछन भने संघीय क्षेत्रबाट निर्वाचित प्रतिनिधि मध्येबाट न्यूनतम १ महिला सहित २ जना केन्द्रीय कार्यसमितिमा निर्वाचित हुनेछन्।

१५. **सम्पत्ति विवरण बुझाउनुपर्नेः** पार्टीको तर्फबाट कुनै पनि तहको सार्वजनिक पद धारण गर्ने व्यक्तिले उम्मेदवार बन्नुपूर्व नै सम्पत्ति विवरण बुझाउनुपर्ने र स्वघोषणा गर्ने बाध्यकारी ब्यबस्था गरिनेछ।

१६. **केन्द्रीय समितिमा मनोनित सम्बन्धी ब्यबस्थाः विधानको धारा २१ उपधारा (१०) को सट्टा देहाय बमोजिमको उपधारा (१०) राख्नेः**

"नेपाली कांग्रेसको क्रियाशील सदस्य मध्येबाट केन्द्रीय सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यबस्था, युवाको प्रतिनिधित्व सम्बन्धी व्यबस्था, समावेशी सिद्धान्त र अपाङ्गता भएका वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी प्रत्येक कलष्टरबाट कम्तिमा एक महिला सहित तीन जना, प्रत्येक प्रदेशबाट कम्तिमा एक महिला सहित तीन जना जनसम्पर्क समितिबाट कम्तिमा एक महिलासहित तीन जना, अपाङ्गता भएका मध्येबाट एक जना, पेशागत तथा विषय विज्ञताको क्षेत्रबाट कम्तिमा दुइ महिला सहित सात जना र ३० वर्ष मुनिका युवाबाट कम्तिमा ३ महिला सहित सात जना सदस्य मनोनित गर्नेछ"।